# वैतेश्वर राजपत्र

**वैतेश्वर गाउँपालिकाद्धारा प्रकाशित**

**खण्ड ४) पाडुडाँडा, दोलखा, बागमती प्रदेश, नेपाल असार ३१ गते २०७८ (संख्या १**


## <u>भाग १</u>

## आधारभुत स्वास्थ्य तथा सरसफाई ऐन २०७६

## (पहिलो संशोधन २०७८)

**(गाउँ सभाबाट पारित)**

(गाउँ सभाबाट संशोधन स्वीकृत मिति २०७८।०३।१०)

**प्रस्तावनाः**

स्थानीय बासिन्दाहरुको आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने कार्यमा गाउँपालिकाको जिम्मेवारी प्रमुख रही आएको र सो को ब्यवस्थापनमा स्पष्ट कानुनी ब्यवस्था गरि कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधान २०७२ को धारा २२१ अनुसार सोही संविधानको अनुसूची ८ को सूची नं. ९ र १० का अधिकारहरुलाई कार्यान्वयन गर्न" तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिम वैतेश्वर गाउँ सभाले यो ऐन तर्जुमा गरेको छ ।

परिच्छेद १

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस ऐनलाई आधारभुत स्वास्थ्य तथा सरसफाइ ऐन, (पहिलो संशोधन २०७८) भनिनेछ ।

(ख) गाउँ सभाबाट स्वकिृत भए पश्चात तुरुन्तै लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले वैतेश्वर गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन (पहिलो संशोधन २०७८) लाई सम्झनु पर्दछ ।

(ख) "संघीय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले वैतेश्वर गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "अध्यक्ष" भन्नाले वैतेश्वर गाउँपालिकाको अध्यक्ष लाई सम्झनु पर्छ ।

(ङ) "उपाध्यक्ष" भन्नाले वैतेश्वर गाउँपालिकाको उपाध्यक्ष लाई सम्झनु पर्छ ।

(च) "वडा अध्यक्ष" भन्नाले वैतेश्वर गाउँपालिका अर्न्तगतका वडाको अध्यक्ष लाइ सम्झनु पर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले वैतेश्वर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्छ ।

(ज) "सरकारी वा सामुदायिक स्वास्थ्य संस्था" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(झ) "निजी स्वास्थ्य संस्था" भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी संचालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ ।

(ञ) "ट्रष्ट वा लोक कल्याणकारी संस्था" भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत संचालनहुने स्वास्थ्य संस्थालाई सम्झनुपर्दछ ।

(ट) "व्यवस्थापन समिति" भन्नाले यस ऐनको दफा ६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको संचालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(ठ) "अनुगमन समिति" भन्नाले यस ऐनको दफा ५ अनुसार गाउँपालिकामा गठिन स्वास्थ्य सेवा तथा सरसफाइ अनुगमन समितिलाई सम्झनु पर्दछ ।

(ड) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयुवेद औषधालय, आयुर्वेद केन्द्र तथा सामुदायिक स्वास्थ्य केन्द्रलाई सम्झनु पर्दछ र सो शब्दले सामुदायिक तथा निजि क्षेत्रबाट समेत स्थानीय स्तरमा संचालित स्वास्थ्य सेवा मुलक संस्थाहरुलाई जनाउदछ ।

(ढ) "प्रचलित कानुन" भन्नाले यस नेपालको संविधान २०७२ बमोजिम तयार भएर कार्यान्वयनमा रहेका कानूनहरुलाई सम्झनु पर्दछ ।

(ण) "तोकिएको वा तोकिए बमोजिम" यस ऐन अर्न्तगत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(त) "पोलिक्लिनिक" भन्नाले प्रचतिल कानुन बमोजिम दर्ता भई एकै संस्थाबाट कम्तिमा ५ वटा सेवाहरु (बहिरंग सेवा, प्रयोगशाला सेवा, रेडियो इमेजिङ, फिजियोथेरापि,

परिवार नियोजन, खोप सेवा आदि) जस्ता बहुसेवा उपलब्ध गराउने संस्थालाई सम्झनु पर्दछ ।

(थ) "प्रयोगशाला" भन्नाले रोग निदानात्मक सेवाहरु जस्तै रगत, दिशाव, पिसाव तथा खकार इत्यादि जाँच एंव परिक्षण जस्ता सेवाहरु प्रदान गर्न कानून बमोजिम दर्ता भई स्वास्थ्य सेवा संचालन गर्ने संस्थालाई सम्झनु पर्दछ ।

(द) "फार्मेसी" भन्नाले कानून बमोजिम दर्ता भई औषधि तथा औषधिजन्य पदार्थ वा सामाग्रीबाट सेवा प्रदान गर्ने संस्थालाई सम्झनु पर्दछ ।

(ध) "गैरसरकारी संस्था" भन्नाले नाफाको उदेश्य नराखी सेवाको भावनाले खोलिएका प्रचलित कानून बमोजिम र्दता भएका संस्था भनेर सम्झनु पर्दछ ।

## परिच्छेद २

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **आधारभूत स्वास्थ्य सेवा प्रदायकहरुः** स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायक संस्थाहरु निम्न ३ (तिन) प्रकारका हुनेछन

**(क) सरकारी वा सामुदायिक स्वास्थ्य संस्थाः** सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयुर्वेद औषधालय, आयुर्वेद केन्द्र, सामुदायिक स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक, खोप केन्द्र, प्राकृतिक चिकित्सा केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

**(ख) निजी स्वास्थ्य संस्थाः** निजी क्षेत्रद्वारा उचित मुनाफाको अवधारणा सहित संचालन गरी निजि अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक संस्थाहरु हुनेछन् ।

**(ग) ट्रष्ट वा लोककल्याणकारी स्वास्थ्य संस्थाः** आर्थिक लाभ वा नाफाको उद्देश्य नराखी ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती स्वास्थ्य क्लिनिक यस अन्तर्गत पर्दछ ।

४. **स्वास्थ्य संस्थाहरुको परिभाषा र स्वास्थ्य सेवा प्रदायक निकायको आधारभूत मापदण्डः** स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकार र प्रदेश सरकारले निर्धारण गरे वमोजिम हुनेछ ।

५. **स्वास्थ्य सेवा व्यवस्थापन अनुगमन समिति गठन, काम, कर्तव्य र अधिकारः**

**(१) गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख र नियमन गर्न गाउँपालिका स्तरीय देहाय बमोजिम एक आधारभूत स्वास्थ्य व्यवस्थापन तथा अनुगमन समिति गठन गरिनेछ ।**

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष - सह संयोजक

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सामाजिक विकास समितिको संयोजक - सदस्य

(ङ) स्थानीय रुपमा स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको २ जना - सदस्य

(च)गाउँपालिका भित्रका आमा समूह र महिला स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कम्तिमा १ जना दलित महिला पर्ने गरि कार्यपालिकाले तोकेको २ जना - सदस्य

(छ) स्वास्थ्य संस्था व्यवस्थापन समितिका अध्यक्षहरुमध्ये प्रत्येक २ वर्षमा परिवर्तन हुनेगरी कार्यपालिकाले तोकेका १ जना - सदस्य

(ज)अस्पतालको मेडिकल अफिसर १ जना - सदस्य

(झ) स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख - सदस्य सचिव

**(२)गाउँपालिका स्तरीय आधारभूत स्वास्थ्य सेवा तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) आफ्नो कार्यक्षेत्र भित्रका स्वास्थ्य तथा सरसफाई सम्बन्धी सम्भाव्यता अध्ययन तथा योजना तयार पार्ने ।

(ख) गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य संस्था सञ्चालनकालागि अनुमति, स्वीकृति सम्बन्धी गाउँपालिकालाई आवश्यक राय परामर्श प्रदान गर्ने ।

(ग) स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, सजग र जागरुक वनाउने ।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक स्रोत साधन जुटाउने र परिचालन गर्ने गराउने।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(च) स्वास्थ्य विशेषज्ञ र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक गरी प्रकाशन गर्ने।

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा टाढा रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(ज) गाउँपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(झ)तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

**६. सरकारी तथा सामुदायिक अस्पताल संचालन तथा व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकारः**

(१) सरकारी तथा सामुदायिक अस्पताल, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य केन्द्र संचालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको एक स्थानीय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति रहनेछ । गाँउपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुको संरक्षक गाउँपालिका अध्यक्ष रहनेछन ।

२) सरकारी तथा सामुदायिक अस्पताल संचालन तथा व्यवस्थापन समितिले अस्पताल सञ्चालनको लागि आवश्यक परेमा बढीमा ३ जना सल्लाहकार छनोट गर्न सक्नेछ ।

**क) सरकारी तथा सामुदायिक अस्पताल संचालन तथा व्यवस्थापन समितिको गठनः**

(१) गाउँपालिका अध्यक्ष वा अध्यक्षबाट मनोनित १ जना -अध्यक्ष

(२) गाउँपालिका अध्यक्षबाट मनोनित १ जना -उपाध्यक्ष

(३)अस्पताल रहेको वडाको वडाअध्यक्ष -सदस्य

(४) गाउँपालिका भित्रका गाउँ सभाका सदस्य मध्येबाट गाउँ कार्यपालिकाले तोकेको २ जना -सदस्य

(५) स्थानीय स्तरमा स्वास्थ्य तथा सरसफाई क्षेत्रमा काम गरीरहेका विज्ञहरु मध्येबाट गाउँ कार्यपालिकाले तोकेको तिन(३)जना -सदस्य

(६) स्थानिय उद्योग वाणिज्य सं्घको अध्यक्ष वा समितिले तोकेको १(एक) जना -सदस्य

(७) कार्यपालिकाले तोकेको स्वास्थ्य शाखा सँग सम्बन्धीत कर्मचारी १ जना -सदस्य

(८) स्वास्थ्य सँग सम्बन्धीत गैरसरकारी संस्थाका कार्यपालिकाबाट मनोनित गरिएका २ (दुई) जना - सदस्य

(९) अस्पताल प्रमुख मेडिकल अधिकृत वा मेडिकल सुपरिटेण्डेन्ट १ जना -सदस्य सचिव

**ख) स्वास्थ्य चौकी, आयुर्वेद औषधालय संचालन तथा व्यवस्थापन समितिको गठनः**

(१) सम्वन्धित वडाको वडाअध्यक्ष -अध्यक्ष

(२) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा अनुभव प्राप्त गरेका स्वास्थ्य संस्था रहेको वडाको समाजसेवी वुद्धिजीवीहरु मध्ये वडा समितिबाट मनोनित महिला १ जना -उपाध्यक्ष

(३)सम्बन्धित वडामा रहेका माध्यमिक विद्यालयका प्र.अ मध्येबाट वडा समितिबाट मनोनित १ जना -सदस्य

(४) स्थानिय व्यापार संघको प्रतिनिधि १ जना -सदस्य

(५) स्थानिय लब्ध प्रतिष्ठित स्वास्थ्य क्षेत्रका जानकार, दलित महिलाहरुमध्ये वडा अध्यक्षबाट मनोनित १ जना -सदस्य

(६) सम्बन्धित वडाको वडा सचिव -सदस्य

(७) सम्वन्धित स्वास्थ्य संस्था प्रमुख -सदस्य सचिव

**ग) सामुदायिक स्वास्थ्य केन्द्र तथा अन्य स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको गठनः**

(१) सम्वन्धित वडाको वडाअध्यक्ष -अध्यक्ष

(२) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा अनुभव प्राप्त गरेका स्वास्थ्य संस्था रहेको वडाको समाजसेवी वुद्धिजीवीहरु मध्ये वडा समितिबाट मनोनित महिला १ जना -उपाध्यक्ष

(३) सम्बन्धित वडाको वडा सचिव -सदस्य

(४) सम्बन्धित वडाभित्र बसोवास गर्ने सामाजसेवी व्यवसायी, उद्योगपति, लब्धप्रतिष्ठित स्वास्थ्य क्षेत्रका जानकार व्यक्तिहरु मध्येबाट स्वास्थ्य संस्था व्यवस्थापन समितिले मनोनित गरेको कम्तीमा १ जना दलित महिला सहित ३ जना -सदस्य

(५) सम्वन्धित स्वास्थ्य संस्था प्रमुख -सदस्य सचिव

**घ) पदावधीः**

-अस्पताल स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिको कार्यकाल ३ वर्षको हुनेछ।
- निर्वाचित पदाधिकारीहरुमध्ये कार्यपालिकाबाट मनोनित सदस्यहरुको पदावधि अर्को निर्वाचन भई नया पदाधिकारीले पदभार ग्रहण नगरुन्जेल सम्म हुनेछ ।
- समितिले आवश्यक ठानेमा स्थानिय सरकारको कुनै अधिकृत वा कुनै विशेषज्ञलाई समितिको आमन्त्रित सदस्यको रुपमा उपस्थिती हुन आमन्त्रण गर्न सक्नेछ ।
- समितिले आवश्यक ठानेमा स्थानिय दलित, युवा, किशोर-किशोरी, सामाजिक संघ संस्थाका प्रमुखहरुलाई विषयबस्तु अनुशार आमन्त्रण गरि आमन्त्रित सदस्यको रुपमा राख्न सक्नेछ ।
- बैठकको लागी समितिका पदाधीकारीको ५१ प्रतिशत उपस्थिती अनिवार्य हुनुपर्नेछ ।
- समितिले आवश्यक ठानेमा समितिको पूण वैठकको कम्तिमा दुई तिहाइको सिफारीसमा सल्लाहकारहरु स्थानिय सरकारले मनोनयन गर्न सक्नेछ ।
- माथिका बुदामा जुनसुकै कुरा लेखिएको भएता पनि अध्यक्ष सहित अन्य मनोनित पदाधिकारीहरुले आफ्नो पदिय जिम्मेवारी पुरा नगरेमा स्थानिय सरकारले निर्णय गरि जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

**ङ) सदस्यहरुको योग्यताः**

देहायका योग्यता भएको ब्यक्ति समिति पदाधिकारी एंवम सदस्य पदमा नियुक्तिको लागी योग्य हुनेछः-
- नेपाली नागरीक ।
- नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरी सजाय नपाएको ।
- नेपाल सरकार, प्रदेश सरकार, स्थानिय सरकार वा अर्न्तगतको कुनै संगठित संस्था संग कुनै वेरुजु वा बक्यौता बाँकी नरहेको ।
- बहालवाला राष्ट्रसेवक कर्मचारी नभएको ।
- उच्च नैतिक चरित्र भएको र कालो सूचिमा नपरेको ।
- विदेशी राष्ट्रको नागरीकता वा स्थायी आवासीय अनुमती पत्र नलिएको ।

**(२) स्वास्थ्य संस्था ब्यवस्थापन समितिको काम, कर्तब्य निम्नानुसार हुनेछन ।**

(क) गाउँपालिका बाट समितिलाई काम कारबाहीका सम्बन्धमा प्राप्त निर्देशनको पुर्ण पालना गर्ने ।

(ख) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत गाउँपालिकामा पेश गर्ने ।

(ग) व्यवस्थापन समितिको नियमित बैंठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने ।

(घ) वार्षिक समिक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम संचालन गर्ने ।

(ङ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजिकरण गर्ने ।

(च) स्वास्थ्य घुम्ति शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

(छ) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

(ज) स्वास्थ्य संस्थाको नियमित अनुगमन तथा सुपरिवेक्षण गर्ने ।

(झ) समितिले आफुलाई प्राप्त अधिकारहरुमध्ये अस्पतालको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने तथा अस्पतालको सेवा शुल्क प्रस्ताव गरी स्वीकृतका लागि गाउँपालिका समक्ष पेश गर्ने बाहेक अन्य अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य वा सदस्य सचिवले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सकिनेछ ।

(ञ) स्वास्थ्य संस्था व्यवस्थापन समितिका अन्य काम कर्तव्य तोकिए बमोजिम हुनेछ ।

७. बैङ्क खाता सञ्चालन:

क) सरकारी तथा सामुदायिक अस्पताल सञ्चालन व्यवस्थापन समितिको कोष सञ्चालन।

१) समितिको आफ्नो एउटा छुट्टै कोष रहनेछ ।

२) समितिको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन ।

क) नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिका बाट अस्पताल सञ्चालनको लागि अस्पताल व्यवस्थापन समितिको नाममा प्राप्त हुने अनुदानको रकम

ख) अस्पतालले सेवा प्रदान गरेवापत प्राप्त हुने स्वीकृत सेवा शुल्क,

ग) अन्य दातृ निकाय वा दाताहरुबाट प्राप्त हुने रकम,

घ) अन्य श्रोत बाट प्राप्त रकम,

३) समितिको काम कारबाहीमा हुने खर्च उपदफा (१) बमोजिमको कोष बाट व्यहोरिने छ । यस्तो रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम गर्नुपर्नेछ ।

४) विदेशी सरकार, संघ वा व्यक्तिबाट रकम प्राप्त गर्नका लागि स्थानीय सरकार तथा सम्बन्धीत अस्पताल वा स्वास्थ्य संस्थाको संचालक समितिको निर्णयानुसार हुनेछ।

५) समितिको खाता कुनै वाणिज्य बैङ्कमा खोलि सञ्चालन गरिनेछ ।

६) समितिको खाता अस्पतालको अधिकृतस्तर वा सहायकस्तरको स्थायी कर्मचारी र अस्पतालका लेखा प्रमुखको सयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

७) कोषको रकम समितिको बैठकको निर्णयानुसार खर्च गरिनेछ । तत्काल बैठक बस्न सम्भव नभएमा अध्यक्षको स्वीकृतमा खर्च लेखी समितिको बैठक बाट अनुमोदन गरिनेछ ।

८) समितिको कोषमा जम्मा हुन आउने रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि मात्र खर्च गर्नुपर्नेछ । प्रयोजन नखुलेको कोषको रकम स्वीकृत कार्यक्रम अनुसार हुनेछ ।

ख) लेखा र लेखापरीक्षण:

(१) समितिको आय व्ययको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचा बमोजिम राख्नुपर्नेछ ।

(२) कोषको आन्तरिक लेखा परीक्षण गाउँपालिकाका आन्तरिक लेखा परीक्षक वा दर्तावाला लेखा परीक्षकबाट गराउनु पर्नेछ ।

(३) कोषको अन्तिम लेखापरीक्षण प्रचलित कानुन बमोजिम मान्यता प्राप्त (आइक्यनमा दर्ता भएको लेखा परिक्षक फर्म वा कम्पनिबाट गराउनुपर्नेछ । संघ, प्रदेश र स्थानीय सरकार बाट लेखा परीक्षक छनौट गरिएको अवस्थामा सोही अनुसार हुनेछ ।

(४) गाउँपालिकाले जुनसुकै बखत समितिको हिसाब किताब जाँच्न वा जचाउँन सक्नेछ ।

माथि जुनसुकै कुरा लेखिएको भएता पनि यो ऐन संशोधन गरी लागु हुने मिति अगावै नियमानुसार गरिएको खाता सञ्चालन र लेखा परिक्षण यसै ऐन बमोजिम गरिएको हुनेछ ।

## परिच्छेदः ३

## अस्पताल/स्वास्थ्य संस्था स्थापना र संचालन सम्वन्धी मापदण्डः

### ८. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड

(१) अस्पताल :बैतेश्वर गाउँपालिका आफैले ताकिएको मापदण्डमा १५ शैयासम्म क्षमताको अस्पताल संचालन गर्न सक्नेछ । यस्तो अस्पताल संचालन गर्न गाउँपालिकाले अस्पताल संचालन निर्देशिका तयार गरी संचालन गर्नेछ ।

(२) स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य केन्द्र : बैतेश्वर गाउँपालिकाले प्रत्येक वडामा ( अस्पताल रहेको स्थान बाट २ कि.मि भन्दा बढि दुरी भएका स्वास्थ्य चौकीहरुमा बर्थिङ सेन्टर सहित) स्वास्थ्य संस्था संचालन गर्नेछ । जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य चौकी संचालन गर्नुपर्नेछ :

(क) जनशक्ति व्यवस्थापन: नेपाल सरकारले कर्मचारी समायोजन गर्दा तयार पारेको खाका तथा प्रचलित व्यवस्था अनुशार कर्मचारी (नयाँ खोल्ने स्वास्थ्य संस्थाहरुमा सहायक पाँचौ तहको हे.अ सहित कम्तिमा ४ जना १ जना सहायक चौथो अ.हे.ब, १ जना

सहायक चौथो अ.न.मी र १ जना कार्यालय सहयोगी) व्यवस्था गरिनेछ । यो संख्या जनघनत्वको आधारमा गाउँपालिकाले थप गर्न सक्नेछ । वर्थिङ सेन्टरका लागी नर्सिङ कमचारी र का.स थप व्यवस्था गरीनेछ साथै २४ घण्टे उपचार सेवा सहितको स्वास्थ्य चौकी संचालनको लागी थप जनशक्तिको व्यवस्थापन गरीनेछ । प्रत्येक स्वास्थ्य संस्थामा क्रमश ल्याव सेवा संचालन गरिनेछ । ल्याब जनशक्तिको दरबन्दि नभएको स्वास्थ्य संस्थाहरुमा खुला प्रतिष्पर्धाबाट करार सेवा वा ज्यालादारीमा कर्मचारी व्यवस्थापन गरिनेछ ।

(ख) भवन व्यवस्थापनः नेपाल सरकारले तय गरेको मापदण्ड अनुसारको प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष, शौचालय जस्ता सुविधा सहितको भवनको व्यवस्थापन गरिनेछ ।

(ग) उपकरण व्यवस्थापनः प्राथमिक उपचारका आधारभूत उपकरण सहितको अस्पतालका लागि आवश्यक औजार उपकरणहरु सहितको व्यवस्थापन गरिनेछ ।

(३) गाउँपालिका क्षेत्रभित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योग, ध्यान लगायतका रोकथाम मुलक र वैकल्पीक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँगको साझेदारीमा वा गाउँपालिका आफैंले कम्तीमा १ वटा आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्नुपर्नेछ ।

(४) गाउँपालिका भित्र रहेका अस्पताल, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य केन्द जडिबुटी, प्राकृतिक चिकित्सा, योग, ध्यान लगायतका रोकथाम मुलक र वैकल्पीक चिकित्सा सेवा सञ्चालनको लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुसँगको सम्झौतामा वित्तिय तथा मेसिनरी औजार, उपकरण र मानव संशाधन सहयोग लिन सक्नेछ ।

**९. निजी क्षेत्रले अस्पताल संचालन गर्न सक्नेः**

(१) गाउँपालिका भित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल संचालन गर्न चाहेमा १५ शैया सम्मको संचालन अनुमती गाउँपालिकाले दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अस्पताल संचालन गर्न चाहने निकायले अनुमतीको लागि तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी/गराई तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सक्नेगरी आशय पत्र प्रदान गर्न गाउँ कार्यपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा गाउँ कार्यपालिकाले समयभित्र तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

(५) तोकिएको समयसीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतीका लागि गाउँ कार्यपालिकामा निवेदन दिनु पर्नेछ

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल संचालनको अनुमती प्रदान गर्न सक्नेछ ।

(७) यस दफा संग सम्बन्धित अन्य ब्यवस्था प्रचलित संघिय तथा प्रदेश कानून बमोजिम हुनेछ ।

**१०. अस्पताल संचालन गर्न आवश्यक मापदण्डः**

गाउँपालिकाको स्वीकृतीमा संचालन हुने १५ वेड सम्मको अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ ।

(१) जनशक्ति व्यवस्थापनः कम्तिमा २ जना एम.वि.वि.एस डाक्टर, कम्तिमा ३ जना हे.अ, ५ जना स्टाफ नर्स, कम्तिमा १ जना ल्याव टेक्निसियन, १ जना रेडियोलोजिस्ट र आवश्यक मात्रामा सहायक र सहयोगी स्वास्थ्यकर्मीहरु तथा का.स, गार्ड, स्विपर, बगैचे आदी कर्मचारी व्यवस्थापन गर्नुपर्नेछ ।

(२) भवन तथा कोठा व्यवस्थापनः नेपाल सरकारको मापदण्ड अनुशार दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ, प्रशासन कक्ष, प्रयोगशाला, पार्किङ, फोहोर व्यवस्थापन क्षेत्र सहितको भवनको व्यवस्थापन गर्नुपर्नेछ ।

(३) उपकरण र पूर्वाधारः सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्सा जन्य फोहरमैला व्यवस्थापनको प्रणाली भएको, रेडियो इमेजिङ सेवा हुनुपर्नेछ ।

माथि जुनसुकै कुरा लेखिएको भएता पनि जनशक्तिको दरबन्दी सम्बन्धमा संघीय सरकार वा प्रदेश सरकारले १५ शैया अस्पतालको लागि निर्धारण गरेको दरबन्दी तेरिज अनुसार हुनुपर्नेछ ।

**११. पोलिक्लिनिक संचालनको अनुमतीः**

(१) गाउँपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक संचालन गर्न चाहेमा नेपाल सरकारले तोकिएको मापदण्ड पुरा गरी स्वीकृती लिनु पर्नेछ ।

(२) पोलिक्लिनिकमा विरामी जाँच्ने डाक्टरको विवरण संचालकको विवरण, संचालन हुने स्थान उपलब्ध हुने सेवाको विवरण खोलि गाउँपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

**१२. प्रयोगशाला वा ल्याबोरेटरी संचालनः**

व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्यावोरेटरी संचालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित गाउँकार्यलिकाबाट स्वीकृती लिनुपर्नेछ ।

(१) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र

(२) प्रयोगशाला वा ल्याबोरेटरी संचालन गर्ने स्थान, घरधनी र संचालकबीचको घरभाडा सम्बन्धी संझौता पत्र

(३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम ३ वर्ष अध्ययन गरी सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र र काम गर्न इच्छुक भएको आशय पत्र

(४) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण

(६) प्रयोगशालामा संचालन सम्बन्धि अन्य मापदण्ड तोकिएबमोजिमको हुनेछ ।

**१३. फार्मेसी संचालनको अनुमती:**

(१) गाउँपालिका क्षेत्रभित्र फार्मेसी संचालन गर्न चाहेमा गाउँपालिकाबाट अनुमती लिनुपर्नेछ।

(२) आधारभूत फार्मेसी शिक्षा विषयमा अध्ययन गरी अनुमति प्राप्त व्यक्ति सञ्चालक रहने गरी फार्मेशी सञ्चालन गर्ने स्थान, विक्री वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने ।

(३) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नागरिकता र हालको वसोवास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नुपर्ने ।

(४) प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी संचालनको अनुमती दिन सक्नेछ ।

(५) फार्मेसी संचालन सम्बन्धि अन्य मापदण्ड तोकिए बमोजिम हुनेछ ।

माथि जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि गाउँपालिका बाट सञ्चालन गरिएको सरकारी अस्पताल स्वंयमले वा सम्बन्धीत संघ संस्था वा व्यक्तिबाट नियमानुसार फार्मेसी सञ्चालन गर्न र गराउन सक्नेछ ।

**१४. मापदण्ड पुरा नगरेमा सजाय हुने:**

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती लिँदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाइएमा अनुगमन समितिले अनुगमन गरी सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागि गाउँ कार्यपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन रेडियोलोजिष्ट बाहेकका व्यक्तिले रगत, दिशापिसाव, खकार, एक्सरे लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला वन्द गराउन सक्ने, सञ्चालकलाई कालोसूचीमा राखी सो को आम जनतालाई जानकारी दिइने ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र औषधी व्यवस्था विभागमा दर्ता भएका बाहेक अरुले औषधी बेचेको पाइएमा जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिने ।

**१५. सहुलियत र छुट सम्बन्धी व्यवस्था :**

१) यस ऐनको दफा ३(क) बमोजिमको स्वास्थ्य संस्थामा विशेष योगदान दिने वर्ग तथा लक्षित समुहलाई प्रचलित कानून, कार्यविधि र मापदण्ड बमोजिमको विशेष छुट तथा निःशुल्क उपचारको प्रभावकारी व्यवस्थाका लागि वैतेश्वर गाउँ कार्यपालिकाले निर्णय गरी लागु गर्न सक्नेछ ।

२) निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षणका क्रममा लाग्ने शुल्क गाउँपालिकाको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ ।

**१६ सेवाको अधिकतम शुल्क सीमा तोक्न सक्ने:**

गाँउपालिका क्षेत्र भित्र संचालित अस्पताल, नर्सिङहोम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरुले दिइने सेवाहरुको अधिकतम शुल्क सीमा गाउँपालिकाले निर्धारण गर्न सक्नेछ ।

**१७ स्वास्थ्य संस्था नविकरण:**

(१) यो ऐन प्रारम्भ हुनुअघि नेपाल सरकारका विभिन्न निकाय, कार्यालयबाट स्विकृत लिई यस गाउँपालिकामा निजि क्षेत्रबाट संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा प्रयोगशाला, फार्मेसीहरुले तोकीएको मापदण्ड पुरा गरेमा तोकीएको दस्तुर लिई नविकरण गर्न सकिनेछ ।

(२) स्वास्थ्य संस्था नविकरण सम्बन्धि अन्य व्यवस्था तोकिए बमेजिम हुनेछ ।

**१८ सरकारी अस्पताल/स्वास्थ्य संस्थाको छाप, होर्डिङ बोड तथा लेटर प्याड सम्बन्धि व्यवस्था:**

यस ऐन प्रारम्भ भए सगै यस वैतेश्वर गाउँपालिका दोलखा अर्न्तगत स्थापना भएका र हुने सम्पुर्ण सरकारी अस्पताल/स्वास्थ्य संस्थाको छाप, होर्डिङ बोड तथा लेटर प्याड निम्न अनुशार रहनेछन ।

**वैतेश्वर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**स्वास्थ्य शाखा**

.............. **अस्पताल/प्राथमिक स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकी/सामुदायिक स्वास्थ्य ईकाइ**

वैतेश्वर गाउँपालिका वडा नं........, दोलखा

बागमती प्रदेश, नेपाल ।

**परिच्छेद: ४**

**स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वंयमसेवा सम्बन्धी व्यवस्था**

**१९. स्वास्थ्यकर्मीको व्यवस्थापन:**

बैतेश्वर गाउँपालिका भित्रका सामुदायीक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहनेछन् :

(१) स्थायी: नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु

(२) करार: स्थानीय माग र विशिष्टताका आधारमा गाउँपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु

(३) अभ्यासकर्ता: स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं गाउँपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा गाउँपालिकाले भर्ना गर्न सक्ने छ । यस्ता अभ्यासकर्तालाई वढीमा १ वर्षको लागि भर्ना गर्न सकिने छ ।

(४) स्वास्थ्य स्वयंमसेवक र स्वयंसेविका

२०. **स्वयंमसेवक /स्वास्थ्य स्वयंसेविकाको ब्यबस्था:** स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुर्‍याउन र जनचेतना फैलाउन गाउँ पालिकाले पुरुष स्वास्थ्य स्वयंमसेवक र महिला स्वास्थ्य स्वयंसेविकाहरु नियूक्त गर्न सक्नेछ ।

(१) महिला स्वयंसेविका र पुरुष स्वयंमसेवकहरु नियूक्तिका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम १० कक्षा अध्ययन गरेको महिला स्वयंसेविकाको हकमा सम्बन्धित वडाको विवाहित नागरिक हुनुपर्ने छ । तर यो ऐन प्रारम्भ हुनुभन्दा पहिला नियुक्ति भै कार्यरत स्वंमसेविकाहरुको हकमा शैक्षिक योग्यता र उमेरको हद लागुहुने छैन ।

(२) एउटा वडामा अधिकतम संख्या १८ हुने गरी औसत प्रति ५०० जनसंख्याको लागि १ जना महिला स्वयंसेविका र वडामा अधिकतम २ जना हुनेगरी औषत ५००० जनसंख्याको लागी १ जना पुरुष स्वयंमसेवकको सिफारिस वडा समितिले गाउँपालिका समक्ष गर्न सक्नेछ ।

(३) महिला स्वास्थ्य स्वयंसेविका र स्वयंमसेवकहरुले आधारभूत स्वास्थ्य सम्वन्धी ७ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ । तलिम निर्देशिका स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग र गाउँपालिका स्वास्थ्य शाखा आफैले तयार पारी लागू गर्न सक्नेछ । गाउँपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम अभिमुखीकरण प्रदान गर्नेछ ।

(४) यसभन्दा पहिले देखिनै कार्यरत महिला स्वास्थ्य स्वयंमसेवीकाहरु मध्ये निरक्षर र ६० बर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको ब्यबस्था गरि बिदाइ गरिनेछ । नयाँ नियुक्ति गर्दा कम्तिमा १० कक्षा उतिर्णलाई मात्र नियुक्ति दिइने छ ।

२१. **स्वास्थ्यकर्मीको सेवा सुविधा :**

(१) स्थायी स्वास्थ्यकर्मी: नेपाल सरररकारले तोकेको स्केल वमोजिम तलव, भत्ता र स्थानीय गाउकार्यपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधा ।

(२) करार स्वास्थ्यकर्मी: प्रचलित तलब स्केल र दुई पक्षबीचको समभ्फदारीमा भएको करार सम्भ्फौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मी : निर्वाह भत्ता नीति बनाई लागू गर्न तथा संघिय वा प्रदेश स्वास्थ्य ऐन बमोजिम गर्न सकिने छ ।

(४) स्वयंमसेवक, स्वास्थ्य स्वयंसेविका : संघ तथा प्रदेश सरकारले निर्धारण गरे बमोजिमको सेवा सुविधा, पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, प्रोत्साहन रकम स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

(५) स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वंयम सेविकाहरुलाई थप प्रोत्साहन भत्ता गाउँपालिकाले ब्यवस्था गर्न सक्नेछ । स्वस्थ्य प्राविधिक कर्मचारीहरुलाई जोखिम भत्ता लगाएत जोखिमयुक्त कार्यका लागी तोकिए बमोजिम भत्ताको व्यवस्था गर्न सकिनेछ ।

२२. **स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियुक्तिः** सामुदायीक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी गाउँकार्यपालिकाले निर्धारण गर्नेछ ।

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहनेछन् । समायोजन भई नआएका वा समायोजन भई नआउने दरबन्दिको हकमा गाउँपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्नेछ । करारको हकमा निजले कार्य सम्पादन गरिरहेको दरबन्दिमा समायोजन वा लोकसेवा प्रकृयाबाट स्वास्थ्यकर्मी आएको हकमा निज करार नियुक्ति स्वत सकिनेछ ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करार नियुक्ति गर्नु पर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछ :

(क) गाउँपालिकाको अध्यक्षले तोकिएको अधिकृत स्तरको कर्मचारी १ जना - संयोजक

(ख) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कम्तिमा स्नातक उत्तिर्ण १ जना सम्बन्धीत विषयको विशेषज्ञ -सदस्य

(ग) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख वा स्वास्थ्य शाखा प्रमुखले तोकिएको १ जना -सदस्य सचिव

(३) छनोट समितिले कार्यविधि बनाई कार्यविधि बमोजिम नियुक्तिका लागी कर्मचारी छनौट गर्नेछ ।

(४) उपदफा (२) बमोजिमको कर्मचारी छनौट समितिमा आवश्यक्ता अनुसार लोक सेवा आयोगको प्रतिनिधिलाई आमन्त्रण गर्न सकिने छ ।

**२३. कर्मचारी सरुवाः**

(१) स्थायी स्वास्थ्यकर्मीको हकमा समायोजन पश्चात तोकिएको समयमा अवधि पूरा भएपछि र अन्य स्वास्थ्यकर्मीको हकमा विशेष परिस्थिती बाहेक न्यूनतम २ वर्ष एउटै स्वास्थ्य

संस्थामा कार्य गरेपछि मात्र गाउँपालिका क्षेत्रभित्र एक स्वास्थ्य संस्थाबाट अर्को स्वास्थ्य संस्थामा सरुवा गरिनेछ ।

(२) विशेष अवस्थामा बाहेक न्यूनतम २ वर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा गाउँपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा गाउँपालिकाको स्वास्थ्य शाखको सिफारीसमा प्रमुख प्रशासकीय अधिकृतले आफ्नो क्षेत्रभित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिने छ ।

(४) कर्मचारीहरुले बिदा लिई बस्नु परेमा गाउँपालिका स्वास्थ्य शाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट स्विकृत गराएर मात्र बस्नुपर्नेछ ।

**२४. कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः**

स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौंताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(१) गाउँपालिका अध्यक्षको रोहवरमा स्वास्थ्य शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृतसंग, स्वास्थ्य चौकी प्रमुखले स्वास्थ्य शाखा प्रमुख सँग, अन्य स्वास्थ्यकर्मी र कर्मचारीहरुले स्वास्थ्य संस्थाका प्रमुख मार्फत स्वास्थ्य शाखा हेर्ने प्रमुखसंग कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेछ ।

(२) कार्यसम्पादन करार सम्झौता १ वर्षको हुनेछ । करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) वार्षिक कार्य सम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिले तयार पारी गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**२५. कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कारः**

(१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्य सम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्य सम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गरीनेछ ।

(२) कार्य सम्पादन सम्झौंता मूल्याङ्कन, पुरस्कार र सजाय गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेदः ५

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

**२६. वार्षिक खरिद योजना बनाउनु पर्नेः**

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनुपर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाको सहयोगमा खरिद एकाईले तयार गर्नेछ ।

**२७. औषधी तथा स्वास्थ्य उपकरण खरिद**

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले प्रक्रिया अघि वढाउने छ ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नुपर्ने छ ।

**२८. औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण**

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको ब्यवस्था गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाले मिलाउने छ ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद चौमासिक रुपमा गर्नुपर्ने छ ।

(३) खरिद गरीएको उपकरण र औषधीको कुल परिमाण र मूल्य खरिद मितिको १ हप्ताभित्र सार्वजनिक गर्नुपर्ने छ ।

(४) सम्वन्धित स्वास्थ्य संस्थाले गाउँपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्वन्धी विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने र सम्वन्धित वडा समिति मार्फत गाउँपालिकामा बुझाउनु पर्नेछ ।

माथि दफा २७ र २८ मा जुनसुकै कुरा उल्लेख भएता पनि औषधी तथा स्वास्थ्य उपकरण खरिद र औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण सम्बन्धमा आवश्यकता अनुसार सरकारी तथा सामुदायिक अस्पताल स्वयंमले प्रचलित कानुनको अधिनमा रही खरिद तथा भण्डारण गर्न सक्नेछ । तर स्वदेशी वा विदेशी दातृ निकाय, संघ संस्था वा व्यक्तिले अस्पताल वा स्वास्थ्य संस्थालाई निशुल्क औषधी तथा स्वास्थ्य उपकरणकहरु उपलब्ध/दान गर्ने भएमा सो सामग्रीहरु नियमानुसार दाखिला गरी सम्बन्धीत अस्पताल वा स्वास्थ्य संस्थाले बुझिलिन बाधा पर्नेछैन ।

## परिच्छेद ६

## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

**२९. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने**

(१) गाउँपालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्साकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य तोक्न सक्ने र गुणस्तर भए नभएको अनुगमन समिति मार्फत अनुगमन गरि सो अनुरुप कार्य गराउन निर्देशन दिनेछ ।

**३०. सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन**

(१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजिकरण जनचेतनाका कार्यक्रम तथा अभियानहरु संचालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आबश्यकक्ता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निमार्ण गरि संचालन तथा व्यवस्थापन गरिनेछ ।

(३) अति विपन्न नागरीक, एकल महिला, जेष्ठ नागरीक, शारिरीक अशक्तता भएका व्यक्तिहरु, गर्भवती। सुत्केरी, नवजात शिशुहरुका लागी उपचार कोष तथा सहायता कोष व्यवस्था गरि नीती बनाई लागु गरिनेछ ।

(४) नेपाल सरकार तथा प्रदेश सरकारले तय गरेको निःशुल्क स्वस्थ्य सेवा कार्याक्रमलाई प्रभावकारी बनाईने छ । आवश्यक श्रोत साधनको आधारमा निःशुल्क वितरण गर्ने औषधीहरु थप गर्न सकिनेछ ।

(५) मानसिक रोग, दन्त रोग, आँखा उपचार सेवा लगायत नसर्ने रोगहरुबाट हुने समस्या र मुत्यु दरलाई कम गर्नको लागी निति बनाई लागू गरिनेछ ।

(६) गाउँपालिकाले निर्देशिका तथा मापदण्ड तयार गरी अस्पतालबाट सेवामा छुट दिन सक्नेछ।

**३१. सरसफाई र स्वच्छताका लागी अनुगमन तथा नियमन**

(१) स्वास्थ्य खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले आवश्यक ब्यवस्था मिलाउने छ ।

(२) प्रदुषण वढाउने उद्योग, संस्थान वा ब्यक्तिलाई सो सम्वन्धी सचेत गराउन र सो बाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्न सक्ने छ ।

(३) सिफारिस वमोजिम स्थानीय कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ ।

(४) सबै नागरीकलाई सर्वसुलभ रुपमा स्वास्थ्य खानेपानीको पहुँच पुर्याउनको लागी नीति बनाई लागु गर्न सक्नेछ ।

## परिच्छेद ७

## महामारी रोगथाम, फोहोरमैला व्यवस्थाप सम्बन्धी व्यवस्था

**३२. रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्ने :**

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी २४ घण्टा भित्र नजिकको सामुदायीक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनुपर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सो को जानकारी ५ दिन भित्र नजिकको सामुदायीक, सरकारी स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराइएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

**३३. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्ने :**

(१) गाउँपालिका स्तर र वडा स्तरमा महामारी नियन्त्रणको लागी स्वस्थ्य संयोजकको नेतृत्वमा Rapid Response Team गठन गरिनेछ ।

(२) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा गाउँपालिकाले सोको प्रभाव क्षेत्र निक्यौंल गरी विद्यालयहरु वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्र सर्वसाधारणलाई भ्रमण गर्न प्रतिवन्ध समेत लगाउन सक्नेछ।

(३) यस्तो परिस्थितीमा महामारीबाट थप क्षती हुन नदिन आवश्यक शर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ।

(४) महामारी रोकथाम तथा नियन्त्रण गर्नको लागि गाउँपालिकाले कार्यविधी बनाई लागु गर्न सक्नेछ।

**३४. सूर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन :**

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि वैतेश्वर गाउँपालिकाबाट छुट्टै अनुमती लिनु पर्नेछ।

(२) खाद्य पदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गर्न बन्देज लगाइनेछ।

(३) सुर्ती, मदिरा र लागूपदार्थ जन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु गाउँपालिकाले तोक्न सक्नेछ। विद्यालय, सरकारी कार्यालय, हाटवजार जस्ता क्षेत्रहरुको निश्चित दुरी तोकी धुम्रपान र मदिरापान निषेध गरिनेछ।

(४) खाद्य पदार्थ सँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले कारवाही गर्न सक्नेछ।

**३५. सरसफाइ सम्बन्धि कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन :**

(१) गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले ब्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी कार्यपालिका वैठकबाट अनुमोदन गराउनु पर्नेछ।

(२) उपदफा १ मा अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष स्वयंमसेवक र महिला स्वयंसेविकाहरु परिचालन गरि सवै घरपरिवारमा वितरण गर्नेछन्।

(३) घर निमार्ण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर बिसर्जन गर्ने स्थानको अनिवार्य ब्यवस्था भएको हुनुपर्ने छ।

(४) एक परिवारको शौचालय, ढल र फोहरमैला ब्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुर्याउने परिवारले क्षतिपूर्ति तिर्नुपर्ने छ।

(५) शहरी, अर्धशहरी र ग्रामिण तथा अर्धग्रामिण क्षेत्रमा निश्काशित फोहोरमैला पुनः प्रयोग गरी कम्पोष्ट मल बनाइएको अवस्थामा गाउँपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ।

(६) सरसफाई सम्बन्धि कार्यक्रम तथा फोहोरमैला व्यवस्थापन सम्बन्धि अन्य कार्यविधि तथा नीती तोकिएको बमोजिम हुनेछ।

## परिच्छेद ८
## विविध

**३६. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिस :**

(१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल तथा निदान केन्द्र स्थापनाका लागि सम्वन्धित वडा र गाउँपालिकाबाट सिफरिस लिनुपर्ने छ।

(२) उपदाफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनिकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनुपर्नेछ।

(३) सिफारिसका लागि गाउँपालिका आर्थिक ऐनले तोके वमोजिमको राजश्व दस्तुर बुझाउनुपर्नेछ।

**३७. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्नेः**

स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्नेछ।

(१) आमा समूह, धामी झाक्री र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र नियमन गर्नेछ।

(२) गाउँपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्बन्धी संस्थाहरुले आफ्नो प्रगति विवरण त्रैमासिक रुपमा गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखा समक्ष बुझाउनुपर्नेछ।

(३) गाउँपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र व्यक्तिहरुसँग बिभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरुबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ।

**३८. एम्बुलेन्स सेवा संचालन गर्न सक्नेः**

गाउँपालिकाले एम्बुलेन्स सेवा संचालन गर्न सक्नेछ र उक्त सेवा संचालन र उपभोग गर्ने सम्बन्धमा अधिकतम दररेट सहितको छुट्टै कार्यविधि निर्माण गरी संचालन गर्न सक्नेछ।

**३९. पुनरावेदनः**

तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून वमोजिम पुनरावेदन लाग्नेछ।

**४०. नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नीती, नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक अन्य नियमावली, कार्यविधि तथा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**४१. संक्रमणकालीन व्यवस्थाः**

यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ।

**४२. बाधा अड्काउ फुकाउने अधिकारः**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ । तर यस्तो आदेश गाउँ कार्यपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वतः निष्कृय हुनेछ ।

**४३. स्वास्थ्य उपचार कोषको व्यवस्थाः**

गाउँपालिकामा एउटा स्वास्थ्य उपचार कोष रहनेछ। उक्त कोषको संचालन तथा व्यवस्थापन गाउँपालिकाले निर्धारण गरेको कार्यविधी बमोजिम हुनेछ ।

**४४. बचाउ र लागू नहुनेः**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति सोही हुनेछ र नलेखिएको अन्य कुराका हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) नेपालको संविधान, संघिय कानून तथा प्रदेश कानूनसंग यस ऐनका दफा तथा उपदफाहरु वाझिएको हदसम्म स्वतः निस्क्रीय हुनेछ ।

**आज्ञाले**
**गणेश राम पोखरेल**
**प्रमुख प्रशासकीय अधिकृत**